

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ६ गते सोमबार ❑ 20 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गाउँमै रोजगारी र आम्दानी सिर्जना हुने योजना बनाउनुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ५ असार**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँमै रोजगारी र आम्दानी सिर्जना हुने योजना बनाउनुपर्ने बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिकाले आइतबार आयोजना गरेको आगामी आर्थिक वर्ष २०७९/८० को बजेट, नीति तथा कार्यक्रम तर्जुमासम्बन्धी अन्तर्क्रियामा उहाँले गाउँमा रोजगारी र गाउँमै आम्दानी हुने योजना बनाएर जनतालाई गाउँमै बसुँबसुँ लाग्ने वातावरण बनाउनेतर्फ स्थानीय तहको ध्यान जानुपर्ने बताउनुभयो। गाउँमै बाटो, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत् पुगेपनि रोजगारी र आम्दानी नपुगेकाले मानिस गाउँबाट भागिरहेको उल्लेख गर्दै पौडेलले भन्नुभयो, "पहिला-पहिला गाउँमा केही सुविधा थिएन, तर अहिले



गाउँमा सबै सुविधा पुगिसक्यो, तर रोजगारी पुग्न सकिरहेको छैन । त्यही कारण मानिस गाउँ छाडेर सहर झरेका छन् ।" वरिष्ठ नेता पौडेलले गाउँमा रोजगारीको अवसर सिर्जना हुने खालका योजना स्थानीय तहले ल्याउनुपर्ने भन्दै त्यसो भएको खण्डमा मानिस पुनः गाउँमै फर्किने बताउनुभयो । उहाँले गाउँमा जडीबुटी, फलफूल उद्योग खोल्न सकिने भन्दै त्यसका लागि नगरपालिकाले सहयोग गर्नुपर्ने बताउनुभयो ।

सहर बजारभन्दा ग्रामीण भेगलाई लक्षित गरी स्थानीय तहले आफ्ना नीति तथा कार्यक्रम बनाउनुपर्ने उहाँको जोड थियो । गाउँमा जग्गा बाँझो राख्ने क्रम बढेकाले बाँझो जग्गालाई उत्पादनमा लगाउनुपर्ने बताउनुभयो । "जग्गा बाँझो राखे सरकारले जरिवाना गर्ने भनेको छ, केही आम्दानी नभएको व्यक्तिले जग्गामा खेती गर्न सक्दैन, त्यस्तो जग्गालाई एकीकृत गरी त्यहाँ बेरोजगारलाई रोजगारी दिन सकिन्छ", उहाँले भन्नुभयो । परम्परागत कृषिलाई व्यावसायीकरण गरी खाद्यान्नमा भइरहेको परनिर्भरता रोक्नुपर्ने पौडेलले बताउनुभयो ।

कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले कृषि, पर्यटन र शिक्षालाई बढी प्राथमिकतामा राखी योजना बनाइने बताउनुभयो । सबै वडा र हरेक वर्गका फरक फरक आवश्यकता रहे पनि बजेटको सीमाभित्र रहेर योजना बनाउनुपर्ने बाध्यता रहेको भन्दै उहाँले आवधिक योजना, त्रिवर्षीय योजनामा रहेर नगरपालिकाले नीति तथा कार्यक्रम बनाइने उल्लेख गर्नुभयो ।

## बाढीबाट पक्की मोटरेवल पुलमा क्षति

**पोखरापत्र संवाददाता**
**कास्की, ५ असार**

गएरातिको अविरल वर्षापछि सेती नदीमा आएको बाढीबाट पोखरा महानगरपालिकाका दुई वडा जोड्ने पक्की मोटरेवल पुलमा क्षति भएको छ।

पोखरा-२५ हेमजा र वडा नं १९ पुरुनचौर जोड्ने गरी मर्दीदोभानभन्दा केही तल सेती नदीमाथि बनाइएको ट्रष्ट पुलमा बाढीले क्षति पुऱ्याएपछि यातायात आवागमन बन्द भएको छ । जसका कारण जिल्लाको माथिल्लो भेगका नागरिक प्रत्यक्ष प्रभावित भएका छन् । पुलको जगभन्दा तलबाटै नदीले कटान गरेपछि पिल्लर कोल्टिएर ट्रष्ट पुल पूर्णरुपमा क्षति भएको र सञ्चालनमा आउन नसक्ने डिभिजन सडक कार्यालय पोखराले जनाएको छ। पुलबाट अब मानिस हिँडडुल गर्नसमेत जोखिम भएको बताइन्छ। पुलका संरचना अन्यत्र स्थानान्तरण गर्नुपर्ने देखिएको छ । सडक कार्यालयले पाँच वर्षअघि निर्माण गरेको सो पुल ७२ मिटर लामो र सात मिटर फराकिलो छ । पुलको पुरुनचौरपट्टीको क्षेत्रमा पिल्लरसँगैको एप्रोज दुई मिटरजति नदीले बगाएको छ।

बाढीले पुलको पिल्लरसँगै मुख्य जीपमा पनि क्षति पुऱ्याएको पोखरा महानगरपालिका-१९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले बताउनुभयो । पुलको मुख्य संरचनामा बाढीले क्षति पुऱ्याएकाले ठूलो क्षति पुगेको उहाँले बताउनुभयो। पुल अवरुद्ध भएपछि साना ठूला सबै सवारीका साधन आवतजावत रोकिएको छ । सोही पुल हुँदै माछापुच्छ्रे गाउँपालिकाका केही वडाका नागरिकसमेत पोखरा आवतजावत गर्ने गर्दछन्।

यसैगरी गएरातिको सेती नदीको बाढीका कारण माछापुच्छ्रे गाउँपालिका-२ का केही गाउँसँगको सडक सम्पर्क विच्छेद भएको छ । सार्दिखोलाबाट चिप्लेटी हुँदै भरावरी र काभ्रे जाने सडक बाढीका कारण कटान भएपछि यातायात अवरुद्ध भएको स्थानीय शिक्षक सन्तोष आचार्यले बताउनुभयो।

## संसदीय पत्रकारका लागि क्षमता अभिवृद्धि

**पोखरापत्र संवाददाता**
**कास्की, ५ असार**

संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशको आयोजनामा आजदेखि पोखरामा तीनदिने क्षमता अभिवृद्धि तालिम सुरु भएको छ।

गण्डकी प्रदेशको कानून, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयको सहयोगमा संसदीय गतिविधिका क्षेत्रमा कलम चलाउने सञ्चारकर्मीको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गरिएको हो।

तालिमको उद्घाटन सत्रमा गण्डकी प्रदेशका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले सङ्घीयताको महत्वपूर्ण पक्षका रूपमा रहेको प्रदेश सभाले आफ्नो चारवर्षे अवधि पार गर्दै पाँचौं वर्षमा रहेको बताउनुभयो।

नयाँ अभ्यासका रूपमा अघि बढ्दा विभिन्न अनुभवसँगै भोगाइलाई पार गर्दै अघि बढिएको उल्लेख गर्दै उहाँले संसद्का गतिविधिलाई बाहिर ल्याउन सञ्चारजगत्को भूमिका महत्वपूर्ण हुने गरेको बताउनुभयो । संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशका कावा अध्यक्ष अमृत सुवेदीले संसदीय गतिविधिमा कलम चलाएका सञ्चारकर्मीको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गरिएको जानकारी दिँदै यसले आगामी दिनमा संसदीय गतिविधिको समाचार सङ्कलनलाई प्रभावकारी बनाउने बताउनुभयो । संसदीय गतिविधिका जानकार विभिन्न व्यक्तित्वबाट तालिम प्रदान गरिने उहाँले बताउनुभयो । तालिममा संसदीय पत्रकारिताको अध्ययन अनुसन्धानमा क्रियाशील नरेन्द्र साउदरनारायण काफ्ले, सङ्घीय संसद् सचिवालयका पूर्वसचिव ठाकुर बराल, सांसद रमेश लेखकका साथै प्रदेशसभाका सभामुख, उपसभामुख, मुख्य न्यायाधिवक्ताकालगायतले प्रशिक्षणसँगै अनुभव प्रदान गर्ने कार्यक्रम रहेको मञ्चका सचिव रोहितराज पराजुलीले जानकारी दिनुभयो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, कास्कीका अध्यक्ष विमला भण्डारीलगायतले तालिमको सफलताको शुभकामना व्यक्त गर्नुभयो। तालिममा ४० जनाको सहभागिता छ।

## अमेरिका भ्रमणको औपचारिक तय भएपछि जानकारी गराउनेछ : प्रम देउवा

**रासस**
**काठमाडौं, ५ असार**

प्रधानमन्त्री शेरबहादुर देउवाले निकट भविष्यमा हुने भनिएको आफ्नो संयुक्त राज्य अमेरिकाको भ्रमण औपचारिकरूपमा तय भएपछि संसद्लाई जानकारी गराउने बताउनुभएको छ।

उहाँले आइतबार नेपाली कांग्रेस सचेतक पुष्पा भुसालसँगको भेटमा भ्रमण तय भएपछि सदन वा संसदीय समितिमा आएर औपचारिकरूपमा जानकारी गराउने इच्छा व्यक्त गर्नुभएको हो । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध री लिन प्रधानमन्त्री देउवालाई समिति बैठकमा बोलाएको सन्दर्भमा समिति सदस्यसमेत रहनुभएका सचेतक भुसालले आज उहाँसँग भेट गर्नुभएको थियो । समितिको यसअघिको बैठकमा परराष्ट्रमन्त्री डा नारायण खड्काले प्रधानमन्त्रीको अमेरिका भ्रमणका सम्बन्धमा प्रारम्भिक छलफल भएको तर अन्तिम टुङ्गो लागिनसकेको स्पष्ट पार्नुभएको थियो । समितिले नेपालको परराष्ट्र नीति कार्यान्वयन र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा आएका पर्यटकलाई भैरवस्थान र भकुण्डे ल्याइने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

पर्यटकीय राजधानीका रुपमा रहेको पोखरा आएका पर्यटकको बसाईं लम्ब्याउन पोखराका पर्यटन व्यवसायी नयाँ गन्तव्यको खोजी र प्रवर्द्धनमा जुटेका छन् ।

पोखराबाट दुई/तीन घण्टामै पुग्न सकिने आकर्षक धार्मिक तथा प्राकृतिक क्षेत्रको भ्रमण गराउनसके पर्यटकको बसाईं लम्ब्याउने योजनासहित पोखराका पर्यटन व्यवसायीहरूले पोखराका पर्यटकलाई बागलुङको बलेवा र भकुण्डे ल्याउनका लागि नयाँ गन्तव्यका रुपमा विकास गर्नका लागि प्रवर्द्धनात्मक कार्यक्रम गर्न थालेका छन् ।

नेपाल एशोसिएसन अफ 'टुर एण्ड ट्राभल एजेण्ट्स' (नाट्टा) गण्डकी प्रदेश तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशको समन्वयमा पोखराका पर्यटन व्यवसायी बागलुङको बलेवा र भुकण्डेको प्रवर्द्धनमा जुटेका हुन् । पोखरामा आएका पर्यटकको बसाईं लम्ब्याउनका लागि खोज्ने वैकल्पिक पर्यटकीय गन्तव्य बागलुङको भैरवस्थान र भकुण्डे बनाउनका लागि गन्तव्य पहिचान र प्रवर्द्धनमा पोखराका पर्यटन व्यवसायी जुटेका हुन् ।

नाट्टामा आबद्ध होटल व्यवसायी, यातायात व्यवसायीलगायतका पर्यटनसँग सम्बन्धित व्यवसायीले पोखरा आएका पर्यटकलाई थप समय भुलाउनका लागि वैकल्पिक गन्तव्य खोज्ने क्रममा बागलुङको भैरवस्थान हुँदै भकुण्डे एउटा विकल्प हुने गरी प्रचारप्रसार र प्रवर्द्धनमा जुटेका हुन् ।


पोखरा आएका पर्यटक केही घण्टामै वैकल्पिक गन्तव्यमा पुग्नेगरी नयाँ गन्तव्य तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा जुट्दै आएको नाट्टाले यसपटक पोखरा आएका पर्यटकलाई पर्वत र बागलुङ जोड्ने बञ्जी पुल, बलेवा विमानस्थल क्षेत्र, भैरवस्थान मन्दिर, भकुण्डे घरबास, बराह ताल हुँदै बागलुङ बजार ल्याएर पञ्चकोट पुऱ्याउने योजनाका साथ पर्यटन व्यवसायीहरूलाई त्यस क्षेत्रको भ्रमणमा ल्याएको नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीले बताउनुभयो। "पोखराबाट नजिकका गन्तव्यमा पर्यटक पुऱ्याउन सके पोखराको मात्र नभई त्यस क्षेत्रको पर्यटकीय गतिविधि बढाउने हाम्रो उद्देश्य हो, पोखरा बसाईंका लागि आएका पर्यटकलाई थप दुई दिन लम्ब्याउन वैकल्पिक गन्तव्य आवश्यक हुन्छ, त्यसैले नाट्टाले समय समयमा नयाँ गन्तव्यको खोजी र प्रवर्द्धन गर्दै आएको छ", अधिकारीले भन्नुभयो, "पोखरा आएका पर्यटक छोटो समयमै पर्वतको कुस्मा र बागलुङको बञ्जीजम्प हुँदै भैरवस्थान दर्शन गरेर भकुण्डे बसेर बागलुङको पञ्चकोट आउन सक्छन्, त्यसैले त्यस क्षेत्रको प्रवर्द्धन र अवलोकनका लागि नाट्टामा आबद्ध पर्यटन व्यवसायी र पर्यटन मन्त्रालयका कर्मचारी भैरवस्थान, भकुण्डे हुँदै बागलुङ बजार अवलोनका लागि आएका हौं।"

पोखरापछि थप दुई दिन बिताउन कुस्मा, भैरवस्थान हुँदै भकुण्डे गज्जबको गन्तव्य बन्ने अधिकारीको भनाइ छ । पछिल्लो समय कुस्माको बञ्जी पुल अवलोनका लागि आउने पर्यटकलाई समेत बागलुङको भकुण्डेमा एक रात बिताउनका लागि आकर्षित गर्न सकिने पर्यटन व्यवसायीको भनाइ छ। पोखरा आएका पर्यटकलाई बागलुङ पठाउँदा पोखराको पर्यटन व्यवसायमा समेत अप्रत्यक्ष फाइदा पुग्ने भएपछि व्यवसायी आफ्नै सक्रियतामा नयाँ गन्तव्य पहिचान र प्रवर्द्धनमा जुटेका हुन् ।


आफैं नपुगेको र नबसेको स्थानमा पर्यटकलाई जाउ भन्न समस्या हुने र पर्यटकले नयाँ गन्तव्य भनेजस्तो नभएपछि पोखराकै पर्यटन व्यवसायमा समस्या पर्ने भएपछि नाट्टामा आबद्ध पोखराका पर्यटन व्यवसायी आफैं भैरवस्थान दर्शन, भकुण्डे घरबास हुँदै बागलुङ बजार आएका हुन् । भैरवस्थान र भकुण्डेको भ्रमणमा सहभागी पर्यटन व्यवसायीले पोखरा आएका पर्यटकलाई भैरवस्थान र भकुण्डेलाई एक दिन वा दुई दिनको भ्रमणका लागि पर्यटक पठाउन समस्या नरहेको बताएका छन्। भकुण्डे घरबासको अर्गानिक खाना, आरामदायी बसाई, प्राकृतिक बातावरण र हिमालको दृश्यले पर्यटकलाई आकर्षित गर्ने पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताउनुभयो । भ्रमणमा सहभागी नाट्टा गण्डकीका द्वित्तिय उपाध्यक्ष तथा भ्रमण समूहका संयोजक कमला गिरीले भैरवस्थान र भकुण्डेमा पर्यटक रमाएर दुई दिनसम्म बिताउनसक्ने बताउनुभयो ।

भैरवस्थान र भकुण्डेलाई पोखरापछिको पर्यटकीय गन्तव्य बनाएर पर्यटक पठाउन पोखराका पर्यटन व्यवसायी लालयीत भएका छन् । उनीहरूले पदमार्ग र सवार ीसाधन दुवै तरिकाले यहाँ पर्यटक आउने सम्भावना रहेको बताएका छन् । उनीहरूले पर्यटकीय गन्तव्य र घरबासको आतिथ्यता र व्यवस्थापन निकै राम्रो भए पनि सडकलाई भने केही सुधार गर्न आवश्यक रहेको बताएका छन् । घरबासमा पहुँनाका लागि खानाका लागि आलु, मकै, कोदो, साग भकुण्डेमै उत्पादन भएका कारण अर्गानिक परिकार, घरबास व्यवस्थापन, भ्यू-टावर, प्राकृतिक संरचना लगायतले पर्यटक आकर्षित गरिरहेको र सिजन याममा यहाँको घरबासमा पर्यटकले खाली नहुने भकुण्डेस्थित अतिथि सत्कार घरबासका अध्यक्ष खिम थापाले बताउनुभयो । पर्यटकीय सम्भावना रहेका क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न तथा घरबास प्रवर्द्धनलाई गण्डकी प्रदेश सरकारले सदैव सहयोग गरिरहेको गण्डकी प्रदेशका पर्यटन सचिव ज्ञानेन्द्र पौडेलले बताउनुभयो ।


सुपथ मुल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।



हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अम्मरसिंह र भद्रकालीलाई अन्तर विद्यालय क्रिकेट प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

ब्रेकिङ बाउण्ड्रिज एमसिसी अन्तर विद्यालय छात्र छात्रा क्रिकेट प्रतियोगिता अन्तर्गत छात्रतर्फ अम्मरसिंह तथा छात्रातर्फ भद्रकाली मावि विजयी भएका छन् ।

पोखरा क्रिकेट एकेडमीको आयोजना तथा मेरोलिवोन क्रिकेट क्लव फाउण्डेशन युके र किडासा युकेको प्राविधिक सहयोगमा सम्पन्न प्रतियोगिताको फाइनलमा छात्रतर्फ अम्मरसिंहले बाराही माविलाई ७६ रनको फराकिलो अन्तरले पराजित गरेको हो। पहिला व्याटिङ गरेको अम्मरसिंहले पुरा २० ओभरमा ८ विकेट गुमाएर १ सय २२ रनको योगफल तयार पारेको थियो ।



अम्मरसिंहका सुमन पन्तले २९ रन जोडे । भद्रकालिका बलर अशोक रेग्मीले ४ तथा मनोज कार्कीले ३ विकेट लिए। जितका लागि १ सय २३ रनको लक्ष्य पछ्याएको बाराहीले ४६ रनमै सम्पूर्ण विकेट गुमाएको थियो । अम्मर सिंहका सुदिप भट्टराईले ५ विकेट लिए । छात्रातर्फ भद्रकालिले कालिकालाई २ विकेटले पराजित गर्दै उपाधी जितेको हो। पहिला व्याटिङ गरेको कालिकाले ३५ रन बनाएको थियो । ३६ रनको चुनौती पछ्याएको भद्रकालीले ८ ओभरमा ९ विकेट गुमाउँदै विजयी लक्ष्य प्राप्त गऱ्यो। भद्रकालिका श्रद्धा गुरुङ्गले ६ विकेट लिइन् । प्रतियोगितामा छात्रतर्फ अम्मरसिंहका सुदिप भट्टराई सर्वोत्कृष्ट खेलाडी बन्दा बाराहीका अशोक रेग्मी उत्कृष्ट बलर र बाराहीकै मनोज कार्की उत्कृष्ट व्याट्स्म्यान भए। छात्रातर्फ अम्मरसिंहकी सजना खत्री सर्वोत्कृष्ट खेलाडी, श्रीकृष्ण माविका मंजली थापा उत्कृष्ट बलर तथा कालिकाकी रिया गुरुङ्ग वेष्ट व्याट्सउमन बनिन् । विजयी खेलाडीहरुलाई गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेज गुरुङ्ग, किडासाका सिइओ जेनिस मिलर, नेपाल क्रिकेट संघका कार्यवाहक महासचिव प्रशान्त विक्रम मल्ल, केन्द्रिय सदस्य ऋषिराम गौतम, गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष देवेन्द्र प्रजु, स्पोर्टस फर अलका खड्क रानाभाट, आयोजक समितिका अध्यक्ष बविन कुँवर, कास्की जिल्ला क्रिकेट संघका कोषाध्यक्ष विरेन पुन लगायतले ट्रफि मेडल प्रमाणपत्र पुरस्कार वितरण गरेका थिए ।

# पोखरा स्पोर्ट्स अवार्ड प्रति खेलकुद मन्त्री गहतराजको चासो

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज (अथक) ले पोखरा स्पोर्ट्स अवार्ड प्रति चासो दिनु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल सहितको टोलीसंगको भेटवार्तामा मन्त्री गहतराजले अवार्ड कार्यक्रम सम्पन्न गर्न बिशेष चासो दिनु भएको अध्यक्ष बरालले बताउनुभयो । यहीं असार १८ गते पोखरामा हुने छैटौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डलाई मन्त्रालय एवं राखेपबाट केही न केही सहयोग गर्ने आश्वासन दिदै यस्ता अवार्डले खेलाडी तथा प्रशिक्षकहरुलाई हौसला मिल्नुको साथै खेलाडी उत्पादनमा समेत थप टेवा पुग्ने विश्वास मन्त्री गहतराजले गर्नुभयो । उहाँले आगामी असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म हुने नवौं खेलकुद प्रतियोगिता सम्पन्न गर्न सबैको साथ र सहयोगको अपेक्षा समेत गर्नु भएको अध्यक्ष बरालको भनाई छ। मञ्चको टोलीले पोखरा स्पोर्ट्स अवार्ड बारे जानकारी दिन



राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ सहितका विभिन्न संघ संस्थाका प्रतिनिधिहरु भेटघाट समेत गरेको छ। अध्यक्ष बरालको टोलीमा खेल पत्रकार सुर्दशन रन्जित, दीपक मुल्मी, हिमाल लम्साल, पत्रकार भुपराज बस्याल लगायत रहनुभएको थियो। यसैबिच पोखरा स्पोर्ट्स अवार्डलाई सफल पार्न जु जु वेयर्सले सहकार्य गरेको छ। जु जु वेयर्सका संचालक प्रदीपमान शाक्यले खेलाडी एवं प्रशिक्षकहरुलाई सम्मान गर्ने उक्त कार्यक्रममा सहकार्य गर्न पाएकोमा खुसि व्यक्त गर्नु भएको छ । काठमाण्डौंमा रहेको जु जु वेयर्सले नेपाली पन झल्कने नेपाली व्राण्डका कटनका टिसर्टहरु उत्पादन गर्दै आएको छ।

विश्व खेलकुद पत्रकार दिवसको अवसर पारेर पोखरा उद्योग वाणिज्य संघको हलमा हुने पोखरा स्पोटर्स अवार्ड २०७८ कार्यक्रम मार्फत मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिनुभयो।

# पोउवा संघमा धादिङ उवा संघको प्रतिनिधिमण्डल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

सरकारले ल्याएको वितरणमुखी बजेटले उद्यमशीलता विकास नहुनेमा एक कार्यक्रमका वक्ता सहमत भएका छन्। उनीहरुले रोजगारी सिर्जना तथा उत्पादनलाई केन्द्रमा राखेर बजेट ल्याउन स्थानीय सरकार हरुसँग माग पनि गरेका छन्।

पोखरा उद्योग वाणिज्य संघले आइतबार धादिङ उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलको स्वागतमा आयोजना गरेको अन्तर्क्रियामा सो माग गरिएको हो। कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष पवनकुमार प्रजापतिले बैंकबाट ऋण नपाउने,लागत बढ्ने तथा अनावश्यक करको बोझले निजी क्षेत्र थलिनसक्ने सम्भावना व्यक्त गरे । उनले उत्पादकत्व बढाउनेतर्फ ध्यान दिन तीनवटै तहका सरकारसँग आग्रह पनि गरे । आर्थिक मुद्दाहरुमा सबै उद्योग वाणिज्य संघहरुबीच



साझा धारणा बन्नुपर्ने उनको भनाइ थियो । कार्यक्रममा बोल्दै धादिङ उद्योग वाणिज्य संघका अध्यक्ष विष्णुप्रसाद थपलियाले निजी क्षेत्रका एजेण्डाहरुबारे साझा अभिमत बन्न नसकेको स्वीकारे । उनले सहकार्यमा जोड दिँदै नेपाल उद्योग वाणिज्य महासंघले नै उद्योगी/व्यवसायीका समस्या सल्टाउन पहल गर्नुपर्नेमा जोड दिए । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य तथा धादिङ उवा संघका पूर्वअध्यक्ष चन्द्रकान्त अधिकारीले जिल्ला तथा नगर उद्योग वाणिज्य संघका साझा समस्याहरुबारे महासंघले खासै चासो नदिएको बताए । पोखरा उद्योग वाणिज्य संघका वाणिज्यतर्फका उपाध्यक्ष अर्जुन पोखरेलले पोखराको उत्पादकत्व बढाउन पर्यटन उद्योगको विकास हुनेगरि योजना बन्नुपर्नेमा जोड दिए । पर्यटनको उत्थान भए त्यसले अन्य क्षेत्रको विकासमा पनि सघाउने उनको भनाइ थियो । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेले जिल्ला तथा नगर उद्योग वाणिज्य संघसँग आवद्ध व्यवसायीहरुबीच सहकार्यमा जोड दिएका थिए।

# अमेरिका...

प्रधानमन्त्रीको भ्रमणका सम्बन्धमा छलफल गर्न आइतबार बैठक बोलाएको थियो।

प्रधानमन्त्री देउवा आफ्नो कार्यव्यस्तताका कारण बैठकमा उपस्थित हुन नसक्नुभएको बुझिएको छ । बैठकले प्रधानमन्त्रीको भ्रमणको कार्यसूचीबारे छलफल र जानकारीका लागि प्रधानमन्त्री/रक्षामन्त्रीलाई आगामी बैठकमा पुनःआमन्त्रण गर्ने निर्णय गरेको समिति सभापति पवित्रा निरौला (खरेल)ले जानकारी दिनुभयो। साथै बैठकले समितिको प्रतिवेदन, २०७९ आवश्यक परिमार्जनसमिति पारित गरेको छ।

# राष्ट्रव्यापी खेलकुद प्रतियोगिता हुने

**रासस**
**काठमाडौं, ५ असार**

मदन भण्डारी स्पोर्टस एकेडेमीले ७१औं मदन जयन्तीको अवसरमा विभिन्न विधामा राष्ट्रव्यापी खेलकुद प्रतियोगिताको आयोजना गर्ने भएको छ।

एकेडेमीले राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सहकार्यमा क्रिकेट, भलिबल, रेस्लिङ, बुद्धिचाल, बास्केटबल, फुल कन्ट्याक कराते र तेक्वान्दो प्रतियोगिताको आयोजना गर्न लागिएको आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार भैरहवा, दमक, वीरगन्ज र जनकपुरमा ट्यालेन्ट हन्टसहित यु-१४, यू-१६ र यु-१८ क्रिकेट प्रतियोगिता हुनेछ।

क्रिकेट यही असार २० गतेसम्म सञ्चालन हुनेछ। क्रिकेटको विजेताले रु ३० हजार पाउनेछ भने दोस्रो हुने टोलीले रु २० हजार हात पार्नेछ।

# जिसस तनहुँको निर्वाचन असार १३ गते

**पोखरापत्र संवाददाता**
**दमौली, ५ असार**

तनहुँ जिल्ला समन्वय समितिको निर्वाचन कार्यतालिका सार्वजनिक भएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले समितिको निर्वाचनका लागि कार्यतालिका सार्वजनिक गरेको हो। असार १० गते मतदाता नामावली प्रकाशन, सोही दिन मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दर्खास्त दिने र संशोधित मतदाता नामावली प्रकाशन गर्ने कार्य हुनेछ। असार ११ गते मतदाताको विरोधमा उजुरी दिने, उजुरी उपर जाँचबुझ र अन्तिम मतदाता नामावली प्रकाशन गरिने मुख्य निर्वाचन अधिकृत हरिशचन्द्र ढुङ्गानाले जानकारी दिनुभयो।

असार १२ गते उम्मेदवारको मनोनयपत्र दर्ता, मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन, उम्मेदवारको विरोधमा उजुरी, मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय, उम्मेदवारको नामावली प्रकाशन, उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन र निर्वाचन चिह्न प्रदान गरिने जनाइएको छ । असार १३ गते मतदानको कार्यतालिका रहेको छ।


## ऋण भुक्तान गर्न आउने बारेको अत्यन्त जरुरी सूचना

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा -१३, बाँझापाटनबाट विभिन्न शीर्षकमा सदस्यहरुले लिएको ऋण मध्य केही सदस्यहरुको ऋणको किस्ता रोकिएको र कतिको ऋणको भाखा अवधि समाप्त भइसकेकोमा पटक-पटक विभिन्न माध्यमबाट सम्पर्क गरि ताकेता गर्दा समेत नतिरी कर्जा लिँदा गरिएको कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले मितिले २०७९/०३/१३ गतेभित्र आफूले बुझाउन पर्ने साँवा ब्याज बुझाउन तथा चुक्ता फछर्यौट गर्न आउनु हुन सम्बन्धित ऋणी सदस्य सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा ऋणी र धन जमानी कर्ताको फोटो सहित तीन पुस्ते विवरण राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरी सहकारी ऐन २०७४ नियमावली २०७५ र प्रचलित कानुन बमोजिम कारवाही अगाडि बढाइने सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, बाँझापाटन, कास्की
फोन नं. ०६१-५३३८११,५९०६७३

## सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।

◆ *पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।*
◆ *खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।*
◆ *इन्टेक(मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी नियमित रुपमा सफा गरौं।*
◆ *घर वा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# फेवा सहकारीको सहकारी शिक्षा अभिमुखीकरण तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

फेवा बचत तथा ऋण सहकारी सस्था ली. को भाद्रकाली सेवा केन्द्र सग आबद्ध शेयर सदस्यहरू सहभागी गराई सहकारी शिक्षा अभिमुखीकरण तालिम का साथ नब निर्वाचित वडा अध्यक्ष लगायत सदस्यहरू लाई बधाई तथा सम्मान गरि सम्पन्न गरेका थिए।



सहकारी शिक्षा अभिमुखीकरण तालिम कार्यक्रममा पोखरा महानगर पालिका वडा कार्यालय वडा नकक १२ का वडा अध्यक्ष किरण बरालको प्रमुख अतित्थ्यतामा शुभारम्भ गरिएको उक्त अभिमुखीकरण तालिममा फेवा सहकारीले आफ्ना शेयर सदस्य हरूलाई सहकारी भनेको के हो भन्ने जानकारी गराउने उद्देश्य राखी भद्रकाली सेवा केन्द्रमा आबद्ध सदस्य हरूलाई सहकारी दिएको शिक्षाको प्रगति र उन्नतीको कामना गर्दै सिक्का शिक्षालाई आफ्ना छर छिमेक सम्म पुर्याउनु भई फेवा सहकारी का साथ आ-आफ्नो प्रगतिको कामना गर्नुहुदै धेरै सहकारी संग चुनौतीका साथ वडा नं १३ मा सेवा केन्द्र संचालन गरेकोमा आफूले हरेक समयमा सहयोग गर्ने बताउनु हुदै शुभकामना दिनुभयो । उक्त सहकारी शिक्षा अभिमुखीकरण तालिम कार्यक्रममा वडा न १३ का वडा अध्यक्ष किरण बराल, वडा नं २३ का वडा अध्यक्ष एवं फेवा सहकारी कार्य समिति सदस्य रामकाजी गुरूङ्ग, वडा न १३ का महिला वडा सदस्य सूचित तामाङ्ग, दलित महिला सदस्य रचना परियार, वडा सदस्य सरिफ अली मिया, बल बहादुर बराल र वडा नं १ का वडा सदस्य एवं सहकारीका शेयर सदस्य राम्जी प्रसाद पौडेल लाई दोसल्ल, माला, टिका र बुकी द्वारा अध्यक्ष क्या चन्द्र प्रसाद गुरुङ्ग उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेल ले वडा विकासमा पुर्ण सफलताको कामना का साथ बधाई ज्ञापन गर्दै सम्मान गरिएको थियो । सहकारी शिक्षा अभिमुखीकरण कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका अनुगमन अधिकृत एवं प्रमुख प्रशिक्षक सूर्य प्रसाद तिमल्सिनाले अति सरल भाषामा सहकारीको परिभाषा, ईसाइ अर्थ, सहकारीको सिद्धान्त र सहकारी भनेको के हो भन्ने बिषयमा केन्द्रित रहि सहकारी आफैंमा ब्यबसाय भएता पनि सानो सानो रकम जम्मा गर्ने एउटा थलो हो । सहकारी भनेको हुने खाने भन्दा हुदा खाने हरूलाई सहभागी र त्यस्तालाई सहयोग गर्ने सस्था भनेको सहकारी हो जस्तै न्यून आय आर्जन भएका शेयर हरूलाई एकै ठाउमा समेटी साथ र सहयोग गर्ने सस्था भएको हुदा सहकारी र बैकमा धेरै फरक भएको स्पष्ट पार्नुपर्छ हुदै सहकारी भनेको आफू त्यस्को साहुको र बैक भनेको हमि साहु होइनन् बिषयमा सरल तरिकाबाट प्रशिक्षण दिनुहुदै सहकारीमा पनि फेवा मै किन भन्ने कुरालाई पुष्टि गर्नुहुदै पोखराको गनिने मध्य आफ्नै भवन र शेयर सदस्यहरू बिच राम्रो समन्वय रहेको सहकारी फेवा सहकारी हो र आज सहकारी शिक्षा सबैमा आउनु पर्छ भनी सहकारी शिक्षा अभिमुखीकरण तालिम को आयोजना गरिएको हो।

भद्रकाली सेवा केन्द्र संग आबद्ध रहेका करिब ३ सय जना शेयर सदस्यहरूलाई दिईएको उक्त प्रशिक्षण कार्यक्रममा फेवा बचत तथा ऋण सहकारीका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले फेवाको स्थापनादेखी आजसम्मको वित्तीय कारोबार बारेमा बताउनुहुदे २७ जना बाट ४७ हजार ५ सय बाट संचालित सहकारीमा हाल १ अर्ब २२ करोड १७ लाखको कारोबार रहेको उक्त सहकारीमा सृजनाचोक सेवा केन्द्र र भद्रकाली सेवा केन्द्र संचालनमा ल्याइएको जानकारी गराउनु भयो।

उक्त प्रशिक्षण कार्यक्रममा वडानं २३ का वडा अध्यक्ष एवं सहकारी का संचालक समिति सदस्य रामकाजी गुरूङ्ग,बाभ्कापाटन तमू समाजका अध्यक्ष सु. कृष्ण बहादुर गुरुङ्ग, याङ्जाकोट तमू समाज का अध्यक्ष सु. चन्द्र बहादुर गुरुङ्ग, टावर मार्ग आमा समुह का अध्यक्ष नन्द माया पौडेल लगायतका वक्ता हरूले फेवा सहकारी सस्थाले दिएको तालिम ब्यबस्थित कारोबार र यस्ता तालिमले भद्रकाली सेवा केन्द्र का साथ यस क्षेत्रका स्थानिय समेतलाई सहकारीको बिषयमा ज्ञान मिलेको बताउनुहुदै फेवाको प्रगतिको कामना गर्नुभयो।

प्रशिक्षण कार्यक्रममा भद्रकाली सेवा केन्द्रका संयोजक क्या. श्याम बहादुर गुरुङ्गले स्वागत गर्नुभएको उक्त सहकारी शिक्षा अभिमुखीकरण कार्यक्रममा फेवा बचत तथा ऋण सहकारी सस्थाकि अध्यक्ष क्या.चन्द्र प्रसाद गुरुङ्ग को सभापतित्वमा सम्पन्न कार्यक्रमको भद्रकाली सेवा केन्द्रका संचालक श्याम गुरुङ्ग ले संचालन गरेको थियो।

# फलेपाटन स्थित सिद्ध माविका ५२ विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

ललितपुर मुख्यालय भइ पोखराको नयाँगाउँमा शाखा कार्यालय रहेको 'ग्लो सँस्था' ले पोखरा -१५ फलेपाटन स्थित श्री सिद्ध उच्च माविका ५२ जना विपन्न बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको छ।



सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयमा अध्ययनरत ५२ जना विपन्न बालबालिकालाई पठनपाठनमा सहज होस् भन्दै झोला, स्कुल ड्रेस, जुत्ता कापी, किताब लगायतका शैक्षिक सामग्री वितरण गरिएको हो। कार्यक्रममा बोल्दै सँस्थाका संयोजक आगमन राज पौडेलले वार्षीक रुपमा सँस्थाले शैक्षिक सामग्रीहरु वितरण गर्दै आइरहेको बताए । उनले बालबालिकाका लागि मात्र नभएर सीप सिकेर आत्मनिर्भर बन्न चाहने विपन्न तथा बेरोजगार महिला दिदीबहिनीहरु र एकल महिलाका लागि आगामी साउन महिनादेखि निशुल्क सिलाई तालिम शुरु गर्न लागिएको बताए। यस्तै, विद्यालयका प्रधानाध्यापक गुरुदत्त कोइरालाले ग्लो सँस्थाले विद्यालयमा धेरै सहयोगका कार्यक्रमहरु ल्याएको भन्दै कार्यक्रम मार्फत विभिन्न विद्यालय, विद्यालय प्रशासन, विद्यार्थी तथा अभिभावकसँग सम्बन्ध जोड्ने काम गरेको बताए। सँस्थाले यसअघि पनि विद्यार्थीहरुका लागि जाडोमा न्यानो लुगा, स्टेशनरी सामाग्री, जुत्ता, पोशाक, खाजा तथा कम्प्युटर सिक्नका लागि कार्यक्रमहरु संचालन गरेको भन्दै यस्ता सेवा लिएका विद्यार्थीले अझ लगनशिल, मिहेनत र इमान्दारिताका साथ पढाईमा ध्यान दिएर भविष्यमा योग्य नागरिक बन्नुपर्नेमा जोड दिए।

शैक्षिक सामाग्री वितरण कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं -१५ का वडाध्यक्ष तोरण बहादुर बानियाँले आर्थिक अभावका कारण पढ्न नपाएका बालबालिकाको पढ्न पाउने अधिकार पूरा गर्ने बताए। २०५२ सालदेखि उक्त सँस्थाले विद्यालयमा विभिन्न सहयोगका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोमा त्यसको निरन्तरता स्वरूप केहीवर्ष देखि छात्रवृत्ति कार्यक्रम शुरु गरेकोमा उनले खुशी व्यक्त गरे।

बानियाँले शैक्षिक सामग्री पाएका बालबालिकाका अभिभावकहरुले पनि अब जिम्मेवार भएर आफ्ना बाबुनानीहरुको पढाई, उनीहरुको आनिबानी र संगतका बारेमा ध्यान दिँदै अगाडि बढाउन प्रेरित गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा वडाध्यक्ष तोरण बहादुर बानियाँ र कार्यपालिका सदस्य मन्दिरा परियारले ५२ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेका थिए भने, व्यवस्थापक सरस्वती गिरी, संयोजक आगमन राज पौडेल र प्रधानाध्यापक गुरुदत्त कोइरालाले सामग्री वितरण कार्यमा सहयोग गरेका थिए।

# चर्च ब्वाइजको संघर्षपूर्ण जित

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

पोखरा हेम्जामा जारी छैटौं शुभकामना गोल्डकप फुटबल प्रतियोगितामा चर्च ब्वाइजले संघर्षपूर्ण जित सहित सेमिफाइनलको यात्रा तय गरेको छ।



हेम्जा युनाइटेड क्लबको आयोजनामा आइतबार भएको क्वाटर फाइनल खेलमा चर्च ब्वाइजले कालिका स्पोर्ट्स एकेडेमीलाई १-० ले हराउँदै अन्तिम चारमा प्रवेश गरेको हो।

चर्च ब्वाइजलाई गोलका लागि दोस्रो हाफ कुर्नु परेको थियो । खेलको सुरुवात देखि नै कालिकालाई निकै दबाबमा राखेपनि कुनै गोल गर्न सकेन । पहिलो हाफ बराबरीमा सकिएको थियो।

अत्यन्तै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफ गोलरहित बराबरीमा रोकिएको थियो । हेम्जा युनाइटेडको आयोजनामा गौरीशंकर खेल मैदानमा जारी खेलमा सुरुवातदेखी नै कालिका माथि चर्च ब्वाइजले दबाब सृर्जना गरेको थियो। कालिकाले पहिलो हाफमा कुनैपनि आक्रमण गर्न सकेन। खेलको दोस्रो मिनेटमा नै चर्चब्वाइजका कप्तान मिलन राईको पासमा आसिष चौधरीले गरेको उत्कृष्ट प्रहार पहिलो बारमा लाग्दै बाहिरियो । १५ औं मिनेटमा कप्तान मिलनको लामो प्रहार क्रसबार नजिकैबाट बाहिरियो । खेलको २५ औ मिनेटमा निशान खड्काको लामो प्रहारलाई कालिकाका गोलरक्षक प्रदिप भण्डारीले उत्कृष्ट बचाउ गर्दा रिफ्लेक्ट बलमा आसिषको पासमा हेमन्तले पेनाल्टी क्षेत्रबाट गरेको प्रहार समेत बचाउँ गर्दै खतरा टारे। कालिकाले भने पोष्टमा कुनै प्रहार गर्न सकेन।

खेलको ५० औं मिनेटमा विवेक पौडेलले निशान्त खड्काकालाई दिएको पासमा निशान्त पुनः विवेकलाई वानटच पास र विवेकले पुनः निशान्तलाई दिएको वान टचपासमा गेको प्रहार बाहिरियो।

खेलको ५३ औं मिनेटमा चर्च ब्वाइजका आशिष चौधरीले उत्कृष्ट गोल गर्दै अग्रता दिलाए । अशोक खवासको लामो पासलाई आसिषले नियन्त्रणमा लिदैं गरेको चिफ प्रहार गोलरक्षक प्रदिप भण्डारीलाई नाघ्दै क्रसबारमा लागेर जालि चुमेको थियो।

सुरुदेखी नै कालिकालाई दबाबमा राखेको चर्चब्वाइजको हौसला थप बढेको थियो। ६४ औं मिनेटमा आसिषले सेन्टरबाट लगेको बल कप्नात मिलन राईलाई दिएको पासमा मिलनले हेमन्त थापा मगरलाई दिएको पासमा हेमन्तले ब्याक फ्लिक गरेको बल पोस्ट नजिकैबाट बाहिरियो । खेलको ५९ औं मिनेटमा मिलनको शक्तिशाली प्रहारलाई कालिकाका कप्तान जोन जुनियरले बचाउ गरे।

खुमलटार युथ क्लब र बागमती युथ क्लब बीच तेस्रो क्वाटरफाइनल खेल हुनेछ । प्रतियोगितामा कुल ८ टिमको सहभागिता रहेको छ।

# लालुपाते टोलविकास संस्थाको साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

लालुपाते टोल विकास सस्था पोखरा महानगर पालिका वडा नं -६ बैदामको १५ औ साधारण सभा आइतबार सम्मपन्न भएको छ । संस्थाको सम्पन्न साभारण सभामा पोखरा महानगर पालिका वडा नं -६ का जन निर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान गरिएको थियो।

संस्थाको साधारणको उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगर पालिका वडा न ६का वडा अध्यक्ष विण्णु बहादुर भय्राईले वडा न-६ रहेको २७ वटा टोल विकास संस्थाहरु मध्य लालुपाते टोल विकास सस्था अरु भन्दा पृथक रहेको बताउनु भयो । संस्थाले समाज रहेका विकृति विसंगतिलाई न्युनिकरण गर्दै जनचेतना फैलाउन सहयोग गरको र आफ्नो क्षेत्रमा फोहोर मैला ब्यवस्थापनमा समेत उलेख्य योगदान गरेको प्रस्टाए।

बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकोले वडा नं-६ लाई नेपालकै महत्वपूर्ण वडा बनाउने र पोखरालाई पर्यटकीय राजधानि बनाउने तर्फ आफु प्रयत्नशिल रहेको जानकारी दिए । बैदाम क्षेत्रममा भएका विकास निर्माण पर्यटन प्रर्वद्नका कार्यक्रमहरुका बारेमा विगतका बर्षमा आफु खुशि हुने गरेकाले अबका दिनहरुमा वडा लाई जानकारी दिएर मात्र कामहरु अगाडि बढाउन प्रदेश सरकार र महानगरलाई आग्रह गरे । डिहिको पाटन देखी वडा कार्यलय हुदै मालपोत कार्यलय सम्मको सडक जिड रहेको बताउदै, मर्मत सुधार गर्ने प्रदेश सरकार सगँ ताकेता गरीराखेकोले सडकको मर्मत कार्यको थालनि भएको जानकारी गराए । आफ वडा को सेवक भएकोले वडामा रहेका संघ संस्था र वडा बासीहरु सँग सहमति र सहकार्य गरि अगाडि बढ्ने सुनाए।

संस्थापक अध्यक्ष तथा सल्लाहकार गोविन्दराज पहारीले सस्थाले समाजमा रहेको विकृति विसंगति सहित स्वास्थ्य सम्बन्धि जनचेतना फैलाउन टोलबासीहरुलाई आग्रह गरे । टोलमा रहेका टोलबासीहरुलाई जिम्बेबारी बोध गराउन्नका लागि वडा कार्यलयको महत्वपूर्ण भुमिका रहने हुदा टोलको सिफारिसमा वडाले दिने सेवासुविधा उपलब्ध गराउन्न महानगरलाई आग्रह गरे। वडा सदस्य शोभा जलारी र दिपेन्द्र पहारीले आफुहरु वडाको सेवक भएकोले वडाबासीहरुको जनचाहाना अनुरुपनै अगाडि बढ्ने प्रतिबद्धता जनाए । अध्यक्ष जुना अधिकारीले संस्थाले आफ्नो क्षेत्र भित्र फोहोर मैला ब्यवस्थापन देखी कोभिड र डेङ्ग रोगको बारेका जनचेतना सहित प्रचा पम्पिलेट सहित घरदैलो गरेको स्मरण गर्दै, सदस्यहरुको क्षमता विकास गर्ने उद्देश्यले तालिम र अभिमुखीकरण कार्यक्रम गरेको जानकारी गराएकी थिइन । अगामि दिनहरुमा पनि सदस्यहरुको आर्थिक स्तर सुर्धान वडा कार्यलय सगँ समन्वय गरि जाने प्रतिबद्धता ब्यक्त गरीन । अध्यक्ष जुना अधिकारीको सभाअध्यक्षतामा भएको कार्यक्रममा सदस्य उमा भन्डारीले स्वागत मनतब्य राखेको कार्यक्रममा सचिब सुरेश न्यौपाने, सल्लाहकार खेम ढकाल, बगैचा टोलविकास संस्था बैदामका अध्यक्ष मिना ढकाल लगाएतका बक्ताहरुले संस्थाले समाजमा पुर्याएको योगदानको बारेमा चर्चा गर्दै, सदस्यहरुको क्षमता अभिवृद्धि देखी आर्थिक स्तरमा वृद्धि हुने खालका कार्यक्रम ल्याउन आयोजकलाई सुझाब दिएका थिए। कार्यक्रममा सचिब सुरेश न्यौपानेले प्रस्तुत गरेको प्रगति प्रतिबेदन र कोषाअध्यक्ष प्रकास पहारीले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सभाले सर्वसर्म्मत पारित गरेको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ पृथ्वीचोक पुरानो ट्राफिक कार्यालय जाने सडक ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: पृथ्वीचोक पुरानो ट्राफिक कार्यालय जाने सडक ढलान**
**स्थान: पोखरा–९ पृथ्वीचोक, कास्की**
**योजना सम्झौता मिति : २०७९/०१/०७ गते**
**योजना सुरु मिति : २०७९/०२/०५ गते**
**योजना सम्पन्न मिति: २०७९/०३/०५ गते**
**योजनाको कुल लागत : रु. १७,१४,३७२.३८।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१२,००,०००।–**
**जन सहभागितावाट : रु. ५,१४,२८६।–**

**बाबुराम सुनार**
**अध्यक्ष**

**पृथ्वीचोक पुरानो ट्राफिक कार्यालय गोलघर जाने सडक ढलान निर्माण उपभोक्ता समिति पोखरा-०९**


# मनसुन देशभर फैलिन अझै केही दिन लाग्ने

रासस
काठमाडौं, ५ असार

मनसुन देशभर फैलिन अझै केही दिन लाग्ने भएको छ। गत जेठ २२ गते नेपालको पूर्वी भागबाट प्रवेश गरेको मनसुन देशभर फैलिन अझै दुई तीन दिन लाग्ने वरिष्ठ मौसमविद् वरुण पौडेलले बताउनुभयो।

पौडेलकाअनुसार हाल प्रदेश नं १, मधेस प्रदेश, बागमती, र गण्डकी प्रदेशमा मनसुनी वायुको सामान्य प्रभाव छ। अन्य प्रदेशका पहाडी भूभागमा स्थानीय वायुको तथा भारतको उत्तरप्रदेश र बिहारमा रहेको पूर्व-पश्चिमी न्यून चापीय रेखाको प्रभाव छ । "देशभरी मनसुनको प्रभाव छैन", पौडेलले भन्नुभयो।

नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ भए पनि यस वर्ष सो समयभन्दा एक साता आगाडी अर्थात् जुन ५ मै मनसुन प्रवेश गरेको छ। नेपालमा साधारणतया: जुनदेखि सेप्टेम्बरसम्मलाई मनसुनको अवधि भनिन्छ । उक्त समयमा नेपालमा वार्षिक वर्षभरीको ८०% पानी पर्छ।


## श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा–९, महेन्द्रपुल, कास्की**
**फोन नं. ०६१–५३००११**

## कर्जा भुक्तानी गर्ने बारे अत्यन्त जरूरी सूचना !

**सूचना प्रकाशित मिति २०७९/०३/०५**

**यस श्रीपति बचत तथा ऋण सहकारी संस्था लि. बाट विभिन्न शिर्षकमा कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयर सदस्यहरुको ऋणको साँवा ब्याज सहितको किस्ता रोकिएको, पटक पटक फोन सर्म्पक मौखिक तथा पत्राचार गर्दा पनि संस्थालाई नियमानुसार बुझाउनु पर्ने, किस्ता रकम नबुझाएको देखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। आफुले बुझाउनुपर्ने रोकिएको किस्ता र ब्याज सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बुझाउन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ र ऋण व्यवस्थापन नियमावली २०७७ अनुसार ऋणीको तिनपुस्ते पत्रपत्रिकामा प्रकाशित गरी ऋण असुलीको कानुनी प्रक्रिया अपनाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।**